जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०   अंक ४६   २०७७ साल भदौं २६ गते शुक्रबार (11 Sep. 2020  Friday)   मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

२०७५ साल भदौं १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारवाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुठ्ठा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सर्वोच्चले भन्यो, 'उच्च... ३ पृष्ठमा : दूरसञ्चारको विकास र ... ३ पृष्ठमा : कोभिड-१९ विरुद्धको खोप...

# सप्तरीका एसपी र डिएसपीसहित १७ जना कोरोना संक्रमित



**दैनिक समाचारदाता**
**राजविराज, २५ भदौं ।**

सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरिक्षक (एसपी) र प्रहरी नायब उपरिक्षक (डिएसपी) सहित १७ जनालाई बिहीबार कोरोना संक्रमणको पुष्टि भएको छ ।

गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालाबाट प्राप्त परिक्षण रिपोर्टले कोभिड-१९ जिल्ला संकट व्यवस्थापन समितिका सदस्य समेत रहेका जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी र डिएसपीमा कोरोना संक्रमणको पुष्टि भएको सो अस्पतालले जनाएको छ ।

यस्तै गजेन्द्र नारायण सिंह अस्पतालका एक स्वास्थ्यकर्मी र एक सफाईकर्मी, जिल्ला कारागारमा रहेका ९ जना कैदीबन्दी र दुई प्रहरीमा कोरोना संक्रमण देखिएको छ । संक्रमित कैदीबन्दीको संख्या १५ पुगेको छ ।

सप्तरी कारागारमा तिन दिनअघि पनि एक महिलासहित सात जना कैदीबन्दी र दुई जना सुरक्षाकर्मीमा कोरोना संक्रमणको पुष्टि भएको थियो । एक सय २५ जना राख्ने क्षमता भएको सो कारागारमा हाल ३ सय ३३ जनालाई कोचाकोच गरी राख्दा व्यवस्थापनमा चुनौतीसँगै कोरोनाको जोखिम समेत बढ्दै गएको जेलर सञ्जय कुमार रामले बताए ।

त्यसैगरि राजविराज नगरपालिका वडा नं. ३ का ७१ वर्षीय र वडा नं. ६ का २८ वर्षीय पुरुष समेत संक्रमित भएका छन् ।

जिल्लामा हालसम्म कोरोनाबाट आठ जनाको मृत्यु भएको छ भने कुल संक्रमितको संख्या ९ सय ९१ पुगेको छ । त्यस्तै हालसम्म ६ सय ८२ जना कोरोनाबाट निको भई घर फर्किसकेका छन् ।

# सप्तरी-सिरहाका गाउँ जोड्न झोलुङ्गे पुल बन्ने

सप्तरी, २५ भदौ (रासस) ।

सप्तरी र सिरहा जिल्लाका गाउँ जोड्न बलान खोलामा झोलुङ्गे पुल बन्ने भएको छ । सप्तरीको बलान बिहुल गाउँपालिकास्थित दूधैला घाट र सिरहाको भगवानपुर गाउँपालिकाको सिनुरियाघाट जोड्ने गरी सीमामा रहेको बलान खोलामा झोलुङ्गे पुल बन्न लागेको हो ।

नेपाल सरकार र स्वीस बैंकको साझेदारीमा बन्न लागेको पुलको लम्बाइ २७२ मिटर रहने बलान बिहुल गाउँपालिकाका अध्यक्ष दयानन्द गोइतले जानकारी दिनुभयो । गोइतका अनुसार पुलको लागत करीब रु तीन करोड हुने छ ।

वर्षाका बेला बलान खोलामा आउने बाढीले सप्तरी र सिरहाको सीमाक्षेत्रका बासिन्दा प्रभावित हुने गरेको र आवतजावत ठप्प हुने गरेको थियो । झोलुङ्गे पुल बन्ने भएपछि स्थानीयवासी खुःशी भएका छन् ।

कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन बन्दाबन्दी र निषेधाज्ञाका कारण धेरै आयोजनाका काम ठप्प भए पनि निर्माणस्थललाई पूर्ण रूपमा बन्द गरेर बिहीबारदेखि पुलको काम शुरु गरिने भगवानपुर गाउँपालिकाका अध्यक्ष बेचन यादवले बताउनुभयो । कामदारको सुरक्षासहित निर्माणको कामलाई अगाडि बढाइने जनाइएको छ ।

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नें ।"*

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।
पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
IME International Money Express
City Express
IME pay
himal remit
CG Money
MoneyGram money transfer

## सम्पादकीय

# महामारीले जनता पीडामा, सम्बन्धीत निकाय पनि निरिह

कोरोना महामारीका कारण अहिले सप्तरी जिल्लाको विकासीय कार्य ओझेलमा परेको छ । यस महामारीका कारण सम्पूर्ण स्थानिय तहको कामकाज समेत प्रभावित भएको छ । जसकारण जनतालाई अतिआवश्यक पर्ने काम समेत ठप्प हुँदा उनीहरु मर्कामा परेका छन् । महामारीले गर्दा यातायात समेत ठप्प हुँदा सेवाग्राहीहरु सम्बन्धीत कार्यालयसम्म पुग्न सकिरहेका छन् । जन्म दर्ता, मृत्यु दर्ता लगायत विभिन्न पञ्जिकरणको काम पनि सूचारु हुन सकेको छैन् । अधिकांश स्थानिय तहहरुका जनप्रतिनिधि, कर्मचारीहरु कोरोना संक्रमित भएका छन् भने स्वास्थ्यकर्मीहरु कोभिड-१९ को कार्यमा व्यस्त छन् । उनीहरु जनतालाई सेवा दिन दिनरात लागिपरेका छन् ।

यसरी महामारीका कारण सबै क्षेत्र प्रभावित भएको बेला जनता भने मुकदर्शक भएर बाच्न बाध्य छन् । उनीहरु जिवनशैली अत्यन्त कष्ठकर बितिरहेको छ । दैनिक ज्यालादारी तथा मजदुरहरु कामबिहीन भएका छन् । उनीहरुलाई दुई छाक टार्न धौं धौं भइरहेको छ भने स्थानिय सरकार पनि निरिह बनेको छ ।

तसर्थ यस्तो महामारीको समयमा जनतालाई सेवा दिन सम्बन्धीत निकायले जागरुकता देखाउनु पर्नेहुन्छ भने जनताको दुःखको यस घडीमा सबैले सहयोगि भावनाका साथ अगाडी बढ्नु पर्ने पनि उत्तिकै आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सर्वोच्चले भन्यो, ‘उच्च जोखिमका कैदीबन्दीलाई छुट दिनू’

काठमाडौँ, २५ भदौँ (रासस) ।

सर्वोच्च अदालतले कोभिड १९ महामारीमाउच्च जोखिमका कैदीबन्दीको जीवन संरक्षणलाई तत्काल सजाय छुटको विशेष निर्णय लिन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ । न्यायाधीश सपना मल्ल प्रधान र प्रकाशकुमार ढुंगानाको संयुक्त इजलासले गत साउन १९ गते जारी गरेको आदेशको बिहीबार सार्वजनिक गरिएको पूर्णपाठमा कारागारको भीडभाड कम गर्न नाजुक अवस्थाका बालबालिका, गर्भवती, दुध खुवाइरहेका महिला तथा जटिल स्वास्थ्य समस्याका कैदीलाई प्राथमिकताआधारमा छुटको निर्णय गर्न भनिएको छ ।

“कैदीबन्दीको अवस्थाको अत्यन्त सतर्कतापूर्वक पहिचान गरी निजहरुको स्वास्थ्यमा हुने जोखिमतासँग कसूरको प्रकृती र सार्वजनिक सुरक्षासमेतलाई ध्यानमा राखी दुवैबीच सन्तुलन कायम गरी संक्रामक रोग ऐन, २०२० को दफा २ प्रयोग गरी अहिले महामारी रोकथामको लागि नेपाल सरकारबाट आदेश तथा निर्णयहरु भैरहेको सन्दर्भ छ”, पूर्णपाठमा भनिएको छ, “तत्काल छोड्ने वा सजाय कम वा छुट गर्ने वा अन्य कुनै उपयुक्त विशेष निर्णय लिनको लागि निर्देशनात्मक आदेशसमेत जारी गरिएको छ,प्रस्तुत रिट निवेदनमा भएका आदेशको कार्यान्वयनको स्थिति देखिने प्रतिवेदन दुई महिनाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतको अनुगमन तथा निरीक्षण महाशाखामा पठाउनु ।”

सामान्य अवस्थामा पनि कारागारमा भीडभाड गरी कैदीलाई कारागारभित्र कठिन हिसाबले रहन बस्न बाध्य गर्नु उनीहरुको मानवअधिकारको साथै संवैधानिक अधिकार र कानूनी अधिकारको उल्लंघनको विषय भएको उल्लेख छ । महामारीमा उच्च जोखिम र असमान स्थितिमा रहेका कैदी तथा बन्दीको स्वास्थ्य र जीवनको हकको सुरक्षा गर्ने दायित्वको परिपालना गर्न गम्भीर हुनुपर्ने देखिएको फैसलामा छ । साथै वैकल्पिक कारागार प्रणालीको प्रयोग गर्न फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २८ को खुल्ला कारागारको व्यवस्था गर्न भनिएको छ । सामाजिकीकरण गराउने व्यवस्था, कैद वापत शारीरिक श्रममा लगाउन सकिने व्यवस्थाको कार्यान्वयनको निमित्त आवश्यक शर्त, प्रकृया, कार्यविधि एक महिनाभित्र तयार गर्न र पुनस्थापना केन्द्रमा पठाउन सकिने व्यवस्थाका साथै प्यारोलमा राख्न सकिने व्यवस्थाको कार्यान्वयनका निमित्त प्रोवेसन र प्यारोल अधिकृतले शर्त बन्देज तयार गरी एक महिनाभित्र नियुक्त गर्न सरकारका नाममा परमादेश जारी गरिएको छ ।

फैसलाको पूर्णपाठमा सामुदायिक सेवा गर्न आदेश दिन सक्ने, कैद सजाय निलम्वन गर्न सकिने र २७ को सप्ताहको अन्तिम दिन वा रात्रिकालिन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने व्यवस्था तत्काल कार्यान्वयन हुने प्रकृतिको भएको हुँदा आदेशको हप्तादिनभत्र राजपत्रमा सूचना प्रकाशित गर्नु भनिएको छ । सुधारगृहमा पठाउने विषय तत्काल कार्यान्वयनको लागि आवश्यक संरचना निर्माण व्यवस्थापनको प्रकृया अगाडि बढाउने कार्य गर्नु गराउनू भनी परमादेश जारी गरिएको छ्ानख्खु कारागार परिसरभित्रकै मनोसामाजिक अस्पतालमा २० जनालाई आइसोलेसनमा राख्न सक्ने स्थान निर्धारण गरिएको छ । हालसम्म विभिन्न कारागारका २४ हजार १६३ कैदीमध्ये ५९६ जनाको पिसिआरपरिक्षण गरिएकोमा ११८ पोजेटिभ रहेको, ११८ सङ्क्रमणामुक्त, ६५ उपचारार्थ रहेको र एकजनाको मृत्यु भएको जनाइएको छ । कोभिड(१९ सङ्क्रमण बढीरहेकोले हालको प्रयास व्यवस्थापन पर्याप्त नभएको साथै सबै कारागारमा स्वास्थ्य उपचारको सहज पहुँच नभएको, स्वास्थ्यकर्मीको दरबन्दीसमेत पूर्ति नभएको भन्ने महान्यायाधिवक्ता कार्यालयबाट गरिएको हिरासत तथा कारागार अनुगमन प्रतिवेदन २०७७ बाट देखिएको उल्लेख छ । “थुनुवा कैदीको हकमा महामारीबाट बच्न अपनाउने महत्वपूर्ण रणनीति शारीरिक दूरी र सुरक्षीत उपायसहित रोकथामको उपाय अवलम्वन गर्नुपर्ने र वैकल्पिक सुधारको दण्डप्रणाली प्रयोग गर्नुपर्ने देखिन्छ”, पूर्णपाठमा भनिएको छ । कारागारमा कूल २४ हजार १६५ कैदीमध्ये ५९६ जनाको मात्र परीक्षण भएकोमा परीक्षणको दायरा बढाउन, ११८ पोजिटिभ देखिएकोमा उपचार गराइरहेको सङ्क्रमित ५० जना रहेको तर १५ मात्र आइसोलेशन बेड रहेकोले त्यसलाई बढाउनु भनिएको छ ।

फैसलामा क्वारेन्टिनकोसंख्या बढाउन, कैदी नभएको कारागारमा क्षमताअनुसार स्थान्तरण गर्न, सङ्क्रमितलाई हेर्ने विशेष अस्पतालमा उपचार गराउनु तथा महामारीको विस्फोटनलाई कारागारभित्र रोक्न, सुरक्षित भई बस्न अपनाउनुपर्ने कानून तथा विश्व स्वास्थ्य संगठनको निर्देशिकाअनुसार काम गर्न भनिएको छ ।

सुधारात्मक दण्डप्रणाली अन्तर्गत वैकल्पिक कारागार प्रणालीको व्यवस्था फौजदारी न्याय प्रणालीको पाटो भएको तीन वर्ष व्यतित भैसक्दा पनि सोको कार्यान्वयनका लागि आवश्यक संरचना शर्त प्रकृया कार्यविधिको निर्माण नभएको, प्रोवेसन र प्यारोल अधिकृत नियुक्ति नभएको, वैकल्पिक कारागार प्रणाली प्रारम्भको निमित्त राजपत्रमा सूचना प्रकाशित नभएको फैसलामा छ । साथै अत्यन्त जोखिमका ज्येष्ठ नागरिकको जीवनको संरक्षण गर्न भनिएको छ । आदेशमा भनिएको छ, “संविधान र ऐनले गरेको व्यवस्थालाई निस्प्रवाही तुल्याउने छुट कसैलाई नहुने हुँदा यो महामारीमा उमेर, शारीरिक अवस्था, स्वास्थ्यको अवस्था आदिको कारण अत्यन्त जोखिमका ज्येष्ठ नागरिक कैदीको हकमा कैद छुटको सुविधा दिनुपर्छ ।”केन्द्रीय कारागार काठमाडौँमा थुनामा रहेका गोपाल शिवाकोटी (चिन्तन), राम शर्मा, मानबहादुर रावत र खिमबहादुर सुनारले दायर गरेको रिट निवेदनमाथिको सुनुवाईपछि अदालतले सो फैसला जारी गरेको छ ।

# आत्महत्या रोकथाम दिवस : आत्महत्या रोक्न जनचेतना

काठमाडौँ, २५ भदौ (रासस) ।

बिहीबार ‘विश्व आत्महत्या रोकथाम दिवस’ नेपालसहित विश्वभरि नै विविध कार्यक्रम गरी मनाइँदै छ । विश्व स्वास्थ्य सङ्गठनले “आत्महत्या रोकथाममा सबैको सहकार्य” भन्ने मूल नारा तय गरेको छ । नेपालमा पनि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र स्वास्थ्यसँग सम्बन्धित गैरसरकारी संस्थाहरूले विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै यो दिवस मनाइरहेका छन् । कोरोना भाइरसका कारण मन्त्रालयले भर्चुअल माध्यमबाट जनचेतनामूलक कार्यक्रम गरिरहेको छ ।

आफ्नो शरीरको हत्या व्यक्ति स्वयंले गर्नुलाई आत्महत्या भनेर बुझिन्छ । मनमा धेरै पीडा बढ्दै गएपछि व्यक्तिलाई बाँच्ने इच्छा र चाहना घट्दै जान्छ र पीडाबाट मुक्ति आत्महत्या गरेपछि मात्र पाइन्छ भन्ने सोचाइ बलियो हुँदै गएपछि व्यक्तिले आत्महत्या गर्ने बाटो रोजेको पाइन्छ । विश्व स्वास्थ्य सङ्गठनको पछिल्लो आँकडाअनुसार विश्वभरमा एक वर्षमा लगभग आठ लाख मानिस वा हरेक ४० सेकेण्डमा विश्वमा कतै कुनै एक मानिसको आत्महत्याको कारण ज्यान गइरहेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले कोरोना भाइरसको समयमा २० देखि ३० प्रतिशत बढी आत्महत्या हुने गरेको बताउनुभयो । उहाँले मन्त्रालयले आत्महत्या रोकथाम गर्नका लागि केही नीति ल्याएर लागू गरेकोसमेत बताउनुभयो । कोभिड-१९ सङ्क्रमणको अवस्थामा साथीभाइसँग कुराकानी र छलफल गर्ने वातावरण बनाउनसमेत आग्रह गर्नुभयो ।

नेपाल प्रहरीको आर्थिक वर्ष २०६१/०६२ देखि २०७१/०७२ सम्म गरी १० वर्षको तथ्याङ्क हेर्दा २९ हजार ९०५ जनाले आत्महत्या गरेको पाइएको छ । २०७५/०७६ मा पाँच हजार ७५४ जना र २०७६/०७७ मा ६ हजार २७९ व्यक्तिले आत्महत्या गरेको तथ्याङ्क छ । नेपालमा एक दिनमा करिब १६ देखि १८ जना मानिसको मृत्यु आत्महत्याको कारणले भएको छ । गत चैतदेखि साउनसम्ममा दुई हजार २१८ जनाले आत्महत्या गरेको तथ्याङ्क छ ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले आत्महत्या रोक्नका लागि साताव्यापी जनचेतनामूलक कार्यक्रम गरिएको बताउनुभयो । मङ्गलबार मात्र प्रधानमन्त्री केपी शर्मा ओलीले आत्महत्या रोक्नका लागि के गर्न सकिन्छ भनेर मनोचिकित्सकसँग छलफलसमेत गर्नुभएको थियो ।

यस्तै महाशाखाले आत्महत्या रोकथामका लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखासमेत गठन गरिएको छ । उक्त शाखाका प्रमुख डा फणिन्द्रप्रसाद बरालले कोभिड-१९ का कारणले भौतिकरूपमा उपस्थित हुन नसकेकाले भर्चुअल माध्यमबाट जनचेतनामूलक कार्यक्रम गरिरहेको बताउनुभयो । उहाँले आत्महत्याबाट बच्न र आत्महत्याको सोच आउन कम गराउने बारेमा जनचेतना जगाइरहेको जानकारी दिनुभयो । उहाँले बिहीबारैदेखि पाटन मानसिक अस्पताल र त्रिवि शिक्षण अस्पतालमा आत्महत्या रोकथाम हेल्पलाइनसमेत सञ्चालन गर्न थालिएको जानकारी दिनुभयो ।

पछिल्लो समयमा विश्वमै फैलिएको कोभिड-१९ भाइरसका कारण आफूलगायत परिवारका सदस्यमा सङ्क्रमित हुने र यसका कारण आफूलगायत परिवारका सदस्य पनि मर्नसक्ने वा अरू खालका स्वास्थ्य समस्यामा जटिलता आउनेलगायतका भय त्रासले मानिसमा मानसिक स्वास्थ्य समस्या वृद्धि भएको पाइन्छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका मानसिक रोग विभागका प्रमुख डा सरोजप्रसाद ओझाले आत्महत्या रोकथामका लागि सरकारले नीति ल्याउनुपर्ने बताउनुभयो । उहाँले आत्महत्याका लागि प्रयोग हुने किटनाशक औषधि, डोरी र मादकपदार्थ सजिलै विक्रीवितरण गर्नमा नियन्त्रण गर्नुपर्ने धारणा राख्नुभयो ।

कोभिड-१९ का कारणले रोजगारीमा आएको कटौती, व्यापार व्यवसायमा आएको मन्दी, शैक्षिक क्रियाकलापमा आएको अन्योललगायतका कारणले मानिसमा नकारात्मक सोचाइको विकास हुने गरेको पाइन्छ ।

विभिन्न अनुसन्धानले विश्वमा महामारीका कारण उत्पन्न आर्थिक क्षेत्रमा पारेको नकारात्मक प्रभावका कारण रोजगारमा कटौती आई थुप्रै बेरोजगारीको अवस्था हुने र त्यसले आगामी दिन मानसिक स्वास्थ्यका निम्ति त्यति सहज नहुने जनस्वास्थ्यविद्ले बताउँदै आएका छन् ।

# दूरसञ्चारको विकास र विस्तार भयो, अब क्षमता वृद्धिमा लगानी आवश्यक

काठमाडौँ, २५ भदौ (रासस)।

नेपालको दूरसञ्चार क्षेत्रको विकास र विस्तारमा उल्लेख्य लगानी बढेकाले त्यसलाई थप व्यवस्थित गर्दै आगामी दिनमा थप सुविधाका लागि लाग्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ का कारण नेपालमा पनि इन्टरनेटको प्रयोग बढ्दै गएको र लकडाउन अगाडिको तुलनामा अहिले डेटा उपभोगको प्रवृत्ति पनि परिवर्तन भएकोले अब 'कन्टेन्ट'मा लगानी बढाउन आवश्यक भएको उनीहरुको भनाइ छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको 'कोभिड-१९ महामारीमा दूरसञ्चार क्षेत्रले खेलेको भूमिका, प्रभाव र अबको बाटो के हुने विषयक श्रव्यदृश्य अन्तरक्रियामा सहभागी वक्ताहरुले ई-लर्निङदेखि श्रव्य दृश्य बैठक, अध्ययन सामग्री, मनोरञ्जनजस्ता नयाँ क्षेत्रको जानकारी लिने माध्यम नै इन्टरनेट भएकोले क्षमताको विस्तार र सुधारमा जानु आवश्यक भएकामा जोड दिए। नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक विजयकुमार रोयले लकडाउनकै समयमा पनि अफवाह फैलाउने खालका कार्य गरेकोले केही अनलाइनलाई प्रेस काउन्सिलको सहकार्यमा बन्द गराएको, साइबर निर्देशिका कार्यान्वयनमा ल्याएको तथा ई शिक्षा प्याकेजमा प्राधिकरणले काम गरिरहेको बताउनुभयो। कोभिड- १९ को समयमा सेवा प्रदायक कम्पनीहरुको सक्रियताका कारण ग्राहकको गुनासो अपेक्षाकृत रुपमा नआएको उहाँको अनुभव छ।

कोभिडका कारण डाटा उपभोग सहरी क्षेत्रमा अत्याधिक बढेको र ग्रामीण क्षेत्रमा सम्पर्ककै समस्या रहकोले डिजिटल डिभाइडको समस्या बढेर जाने आशङ्का समेत बढेको छ। ग्रामीण दूरसञ्चार विज्ञ पवन शाक्यले शहरको तुलनामा गाउँमा 'केनेक्टिभी र कन्टेन्ट' दुवैको अवस्था दयनीय रहेको बताउनुभयो। 'शहरमा सेवा छनोटको अवसर छ, कन्टेन्टमा पनि खोज्न र बुझ्न सक्ने जनमानस धेरै छ। अब ग्रामीण क्षेत्रमा केन्द्रित गर्नुपर्ने अवस्था आएको छ', उहाँले भन्नुभयो। 'यदि ग्रामीण क्षेत्रको सेवामा ध्यान दिन सकिएन भने भोलिका दिनमा गाउँ र सहरमा थप समस्या पैदा हुन्छ।'

नेपाल टेलिकमका प्रवन्ध निर्देशक डिल्लीराम अधिकारीले सम्पर्क सञ्जालको विस्तारका सवालमा कर्णाली प्रदेश, हिमाल र उच्च पहाडी भेगमा प्राधिकरण अन्तर्गत रहेको ग्रामीण दूरञ्चार कोष परिचालन गरी सेवा विस्तारमा सहजीकरण गरिनुपर्ने बताउनुभयो। धेरै बस्ती भएको क्षेत्रमा सेवा प्रदायकले आफैँ सेवा विस्तार गर्ने भएकाले अप्ठयारो स्थानमा सरकारले सहजीकरण गर्नुपर्ने उहाँको भनाइ छ। उहाँले कोषको रकम ग्रामीण क्षेत्रकै लागि भनेर सबै सेवा प्रदायकबाट आम्दानीको दुई प्रतिशत रकम जम्मा गर्ने गरकोले सो रकम निर्धारित काममै खर्च गर्नुपर्नेमा जोड दिनुभयो। एनसेल आजियटाका प्रमुख कार्यकारी अधिकृत एन्डी छडले कोभिडपछि ग्राहकमा सेवा लिने प्रवृत्ति परिवर्तन भएको बताउनुभयो।डेटा सेवा प्रयोग बढेको भन्दै अब एनसेलले यसमा लक्षित गरी आफ्ना कार्यक्रम ल्याउने तयारी गरेको उहाँले जानकारी दिनुभयो। पछिल्लो प्रविधि फाइभ जीमा पनि केही सकारात्मक प्रविधिको विकासलाई नेपाली प्रयोगकर्तासम्म अनुभव गराउन ढिला नगर्ने खालको संकेत उहाँले गर्नुभयो। उहँले कोभिडका समयमा सरकारसँग नजिक रहेर काम गरेको तथा सहयोग रकम समेत उपलव्ध गराएको बताउनुभयो। उहाँले व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत स्कुलशिक्षा, स्वास्थ्य सामाग्री, कोभिड सम्वन्धी जनचेतना, अग्रस्थानमा बसेर काम गर्नेलाई सिमकार्ड वितरण लगायतका काम गरेको सुनाउनुभयो।

इन्टरनेट सेवा प्रदायक संघका अध्यक्ष भोजराज भट्टले लकडाउनमा इन्टरनेट व्याण्डविथ खपत ४० प्रतिशत सम्म वृद्धि भएको भन्दै उपभोक्ताको रुची र प्रयोग फेरिए└ को बतानुभयो। पछिल्लो समयमा चर्चित बनेको सामाजिक सञ्जाल टिकटकले सेवा प्रदायकलाई व्याण्डविथ व्यवस्थापनमा धौ धौ परेको भन्दै यसमा केही सोच्न पनि नियामक निकायसमक्ष आग्रह गर्नुभयो। यसमा प्राधिकरणका निर्देशक रोयले राज्य र उपभोक्तालाई टिकटकले के दियो, यसको प्रयोग गर्दा र नगर्दा वा नेपालमा प्रवेश गरेर सिधै सेवा दिने सम्बन्धमा अध्ययन गरिरहेकाले छिट्टै केही ठोस निर्णय लिने बताउनुभयो।

# संविधान दिवसबारे जनचेतनामूलक कार्यक्रम प्रकाशन/प्रसारण अनुरोध

काठमाडौँ, २५ भदौ (रासस)।

सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले संविधान दिवसका अवसरमा जनचेतनामूलक कार्यक्रम प्रकाशन/प्रसारण गर्न आमसञ्चारमाध्यमलाई अनुरोध गरेको छ।

आगामी असोज ३ गते संविधान दिवस मनाउने सन्दर्भमा गठित प्रचारप्रसार उपसमितिको बैठकले नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्रका साथै सामुदायिक एंव निजी क्षेत्रका अन्य सञ्चारमाध्यमलाई समेत संविधानका विषयमा केन्द्रित रही विशेष परिसंवाद, संवादलगायत जनचेतनामूलक कार्यक्रम प्रकाशन/प्रसारण गर्न अनुरोध गरेको हो।

राष्ट्रिय समाचार समितिलाई राष्ट्रिय दिवससम्बन्धी विशेषाङ्क/स्मारिका, लेख वा कार्यक्रम उत्पादन/निर्माण गरी सबै सञ्चारमाध्यमलाई उपलब्ध गराउन भनिएको छ।

समितिले गोरखापत्र, द राइजिङ नेपाललगायत राष्ट्रियस्तरका पत्रपत्रिकामा संविधान विशेषाङ्क/स्मारिका र संविधानको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेखरचनाको सँगालो प्रकाशन गर्नाका साथै अन्य निजी क्षेत्रका सञ्चारगृहलाई प्रकाशन गर्न पनि आग्रह गरेको छ।

बैठकपछि मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नेपाल टेलिभिजन, रेडियो नेपालले नेपालको संविधानको महत्वको बारेमा कार्यक्रम प्रसारण गर्ने तथा सामुदायिक एवं निजी क्षेत्रका अन्य सञ्चारमाध्यमलाई पनि कार्यक्रम प्रसारणका लागि अनुरोध गर्ने।'

त्यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकबाट "संविधान दिवस (राष्ट्रिय दिवस) हर्षोल्लासका साथ मनाऔं, घरघरमा राष्ट्रिय झण्डा फहराऔँ" जस्ता नारा मास एसएमएस पठाउने निर्णय पनि गरिएको छ।

दिवसको शुभकामना सन्देश शहरका विभिन्न स्थानमा रहेको डिस्प्ले बोर्डमा प्रसारण गर्न काठमाडौँ महानगरपालिकासँगको समन्वयमा दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम र राष्ट्रिय सूचना प्रविधि केन्द्रले आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तोकिएको छ। बैठकले दिवसको दिन आआफ्ना घरघरमा राष्ट्रिय झण्डा सम्मानका साथ राख्न भनी प्रसारप्रचार गर्न, जागरण गीत प्रसारण गर्न, वृत्तचित्र प्रसारण गर्न र मूल कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्न पनि आमसञ्चारमाध्यमलाई अनुरोध गरेको छ।


# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

# कोभिड-१९ विरुद्धको खोप यसै वर्ष आउन सम्भव छ : एस्ट्राजेनेका

लन्डन, २५ भदौ (रासस/एएफपी)।

बेलायतको ख्यातिप्राप्त औषधी उत्पादन कम्पनी एस्ट्राजेनेकाले कोभिड-१९ को खोप यसै वर्ष आउन अझै सम्भव भएको बताएको छ। गत मङ्गलबार उक्त कम्पनीले विकास गरेको खोप परीक्षणका क्रममा एक व्यक्ति विरामी परेपछि कम्पनीले खोपको परीक्षणलाई छोटो समयका लागि रोकेको जनाएको थियो। एस्ट्राजेनेकाले बिहीबार खोपबारे बजारमा फैलिएका हल्लाहरूपछि खोपको परीक्षण तत्काल रोकी परीक्षणमा सम्लग्न विरामीलाई खोपका कारण स्वास्थ्य समस्या जटिल भएको हो वा उनलाई अन्य कारणले स्वास्थ्यमा समस्या आएको हो परीक्षणहरू भइरहेको र छिट्टै टुङ्गोमा पुग्ने बताएको हो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत पास्कल सोरियटले सञ्चारमाध्यमलाई उपलब्ध गराएको एक विज्ञप्तिमा भनिएको छ, "यस बर्षको अन्त वा अर्को वर्षको सुरुसम्ममा हामीले खोपलाई उपलब्ध गराउन सम्भव छ।" "परीक्षणमा सम्लग्न एक स्वयम्सेवकमा स्वास्थ्य समस्या देखिएको विवरणपछि परीक्षणलाई छोटो समयका लागि रोकिएको छ," अक्सफोर्ड विश्वविद्यालयको सहकार्यमा विकसित औषधिको उत्पादक कम्पनी अस्ट्रोजेनेकाले बुधबार घोषणा गरेको थियो।

सुरक्षाको समीक्षा गर्न स्वतन्त्र समिति गठन गरिएको छ तर कम्पनीले यसलाई परीक्षणको विश्वसनियातालाई अक्षुण्ण राख्न गरिएको नियमित कार्य बताएको छ। "परीक्षण कहिले पुन: सञ्चालनमा ल्याउने सम्बन्धमा हामीहरू यस समितिबाट निर्देशित हुनेछौँ। हामी छिट्टै सो अवसरको पर्खाइमा छौँ," सारियटले भन्नुभयो।

अस्ट्राजेनेका कम्पनीले विकसित गरेको खोप विश्वमा अन्तिम अवस्थामा परीक्षणमा रहेका भनिएका विभिन्न नौ वटा खोपमध्ये एक र बढी आशा गरिएको खोप हो। कम्पनीले अमेरिकाका दर्जनौँ स्थानसहित ३० हजार अमेरिकी स्वयम्सेवकसहित ब्राजिल र दक्षिण अमेरिकी मुलुकहरूमा खोपको अन्तिम परीक्षण गरिरहेको छ।

# एक हजारभन्दा बढी चिनियाँ विद्यार्थीको भिसा रद्द

वासिङ्टन, २५ भदौ (रासस-एएनआई)।

अमेरिकी ट्रम्प प्रशासनले एक हजारभन्दा बढी चिनियाँ नागरिकको भिसा रद्द गरिएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। ट्रम्प प्रशासनले वौद्धिक सम्पत्ति, प्रविधि र अरु संवेदनशील सूचनामा शंकास्पद पहुँच हासिल गरेको भन्दै चिनियाँ विद्यार्थी र अनुसन्धाताको भिसा रद्द गरेको हो।

विदेश मन्त्रालयका प्रवक्ताले राष्ट्रपतिको आदेश बमोजिम सेप्टेम्बर ८, २०२० सम्ममा एक हजारभन्दा बढीको भिसा रद्द गरिएको जानकारी दिए। यद्यपी संयुक्तराज्य अमेरिकामा अध्ययन र अनुसन्धानको अनुमति प्राप्त गरेका कूल चिनियाँ विद्यार्थीको अनुपातमा भिसा रद्द गरिएको यो संख्या निकै कम हो।

चीनको सेनासँग निकट सम्बन्ध रहेका चिनियाँ स्नातक विद्यार्थी र अनुसन्धाताहरूको अमेरिका प्रवेशमा कडाई गर्नेगरी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत जुन १ तारिखमा एउटा आदेशमा हस्ताक्षर गर्नु भएको थियो।

# भारतमा एकै दिन झण्डै ९६ हजार जना संक्रमित थपिए

नयाँदिल्ली, २५ भदौ (रासस/एएनआई)।

कोरोनाभाइरसबाट अत्यधिक प्रभावित भएको भारतमा एकै दिनमा झण्डै ९६ हजार जना सङ्क्रमित थपिएका छन्। एकै दिन यति धेरै सङ्क्रमित भएको यो अहिलेसम्मकै सबैभन्दा धेरै भएको अधिकारीहरूले बिहीबार जानकारी दिएका छन्।

पछिल्लो विवरण अनुसार गत २४ घण्टामा भारतमा कुल ९५ हजार ७३५ जना मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भेटिएका छन्। योसँगै भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको संख्या ४४ लाख ६५ हजार ८६४ पुगेको अधिकारीहरूले जानकारी दिएका छन्। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले कुल सङ्क्रमित मध्ये नौ लाख १९ हजार १८ जना अझै पनि सक्रिय सङ्क्रमित अवस्थामै रहेका छन्।

मन्त्रालयका अनुसार अरु ३४ लाख ७१ हजार ७८४ जना भने कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भइसकेका छन्। भारतमा अहिलेसम्म ७५ हजार ६२ जनाको कोरोनाभाइरसकै कारण मृत्यु भएको छ। ती मध्ये एक हजार १७२ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको मन्त्रालयले जनाएको छ। भारतका प्रदेशहरू मध्ये सबैभन्दा बढी महाराष्ट्र प्रदेश प्रभावित भएको छ। महाराष्ट्रमा मात्रै पछिल्लो २४ घण्टामा २३ हजार ८१६ जना सङ्क्रमित भएका छन्।

महाराष्ट्रमा अहिलेसम्म कुल नौ लाख ६७ हजार ३४९ जना सङ्क्रमित भएका छन् भने ती मध्ये दुई लाख ५२ हजार ७३४ जना अझै पनि सक्रिय सङ्क्रमित अवस्थामै रहेका छन्। त्यहाँ अहिलेसम्म २७ हजार ७८७ जनाको कोरोनाकै कारण मृत्यु भएको प्रदेश स्वास्थ्य विभागले जनाएको छ।

# तत्कालीन इन्जिनियर काशीप्रसाद गुप्तासहित १३ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर

काठमाडौँ, २५ भदौ (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पदीय दुरुपयोग गरी गैरकानूनी तवरले रु १६ करोड ७२ लाख ५६ हजार ४९६ बराबरको सम्पत्ति कमाएको अभियोगमा संघीय आयोजना कार्यान्वयन एकाई विराटनगरका तत्कालीन इन्जिनियर काशीप्रसाद गुप्तासहित १३ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोजनाका प्रवक्ता तारानाथ अधिकारीका अनुसार २०३८ पुस १२ गते ओभरसियर पदबाट सरकारी सेवा प्रवेश गरेका गुप्ताले २०७६ असार ५ गतेसम्म पदमा बहाल रहँदासम्म गैरकानुनी तवरले सम्पत्ति आर्जन गरेको अनुसन्धानबाट खुलेकाले बिहीबार विशेष अदालतमा मुद्दा दायर गरिएको हो ।

आयोगका अनुसार गुप्ताको वैध आय रु एक करोड ११ लाख ६९ हजार ९६२ मात्रै रहेको भएपनि रु १७ करोड ८४ लाख २६ हजार ४५९ बराबरको खर्च तथा लगानी गरेको पाइएको छ । वैधानिक आयबाट खर्च तथा लगानी घटाउँदा बाँकी रहन आउने रु १६ करोड ७२ लाख ५६ हजार ४९६ बराबरको रकमको स्रोत नखुलेको पाइएको छ ।

आयोगले गुप्ताका आफन्तहरु अन्जुकुमारी महतो, उदितनारायाण प्रसाद रौनियार, चन्द्रेश्वर महतो, धिरजकुमार गुप्ता, प्रितीकुमारी गुप्ता, डा रचनाप्रसाह साह, विकासप्रसाद गुप्ता, विनयकुमार सिंह, विभा रानी, संगिता साह रौनियार र सन्तोषकुमार गुप्ताको नाममा खाता खोली रु १० करोड ४४ लाख ४३ हजार ७८३ बराबरको रकम लुकाई छिपाई राखेको पाइएको छ ।

आयोगले उनीहरुको सम्पत्ति जफत गरी हदैसम्मको कारवाहीको माग गरेको छ । यस्तै आयोगले नेपाल खानेपानी संस्थान पोखरा शाखामा कार्यरत प्रशासन सहायक कृष्णहरि वाग्लेले सेवाग्राहीसँग रु २५ हजार घुस लिएको अभियोगमा आज पक्राउ गरेको छ । आयोगले वाग्लेलाई पोखरा महानगरपालिका ट्याक्सी चोकबाट बिहीबार पक्राउ गरिएको र अनुसन्धान भइरहेको प्रवक्ता अधिकारीले जानकारी दिनुभयो ।

# क्रिकेट खेलाडीले पाए एक वर्षको पारिश्रमिक

काठमाडौँ, २५ भदौ (रासस) ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडीले आफ्नो एक वर्षको पारिश्रमिक पाएका छन् । उनीहरूले सन् २०१९ को पारिश्रमिक पाएका हुन् । नेपाल क्रिकेट सङ्घ (क्यान)ले राष्ट्रिय क्रिकेट टोलीका २२ खेलाडी तथा एक भिडियो एनालिस्टलाई एक वर्षको पारिश्रमिक उपलब्ध गराएको हो । क्यानले बुधबार सबैको खातमा रकम जम्मा गरेको जनाएको छ ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले पारिश्रमिक नेपाल क्रिकेट सङ्घ (क्यान)को खातामा पठाएको थियो । उक्त रकम क्यानले खेलाडीको खातामा जम्मा गरेको क्यानका कोषाध्यक्ष रोशनबहादुर सिंहले जानकारी दिनुभयो । राष्ट्रिय टोलीका खेलाडीहरूले सन् २०१९ पछि आफ्नो नियमित पाउनुपर्ने पारिश्रमिक पाउन सकेका थिएनन् ।

क्यानले नेपाली खेलाडीलाई ए, बी र सी श्रेणीमा विभाजन गरेको थियो । उनीहरूमध्ये ए श्रेणीमा रहेका खेलाडीले मासिक रु ४५ हजार, बी श्रेणीमा रहेका खेलाडीले रु ३५ हजार तथा सी श्रेणीमा रहेका खेलाडीले रु २५ हजार पारिश्रमिक पाएका हुन् । क्यानले यसअघि ए श्रेणीमा रहेकालाई मासिक रु ३५ हजार, बी श्रेणीमा रहेकालाई रु २५ हजार तथा सी श्रेणीमा रहेका खेलाडीलाई रु १५ हजार पारिश्रमिक उपलब्ध गराउँदै आएको थियो ।

आईसीसीले पारिश्रमिकका लागि खेलाडीको सूची मागेपछि क्यानले भदौ पहिलो साता २३ जनाको नाम पठाएको थियो । क्यानले पठाएको खेलाडीको सूची क्यान निलम्बन फुकुवा हुनुअघिकै हो । सन् २०१९ को पारिश्रमिकका लागि खेलाडीको सूची आईसीसीलाई पठाइएको थियो । यसअघि क्यान निलम्बनमा रहेको अवस्थामा खेलाडीको पारिश्रमिक आईसीसीले नै उपलब्ध गराउँदै आएको थियो ।

आईसीसीले सन् २०१८ मा दुई वर्षको पारिश्रमिक राष्ट्रिय खेलकुद परिषद् (राखेप)मार्फत पठाएको थियो । त्यसयता खेलाडीले आफ्नो पारिश्रमिक पाउन सकेका थिएनन् । क्यानले खेलाडीलाई पारिश्रमिकका लागि यसअघि तीन वर्गमा विभाजन गरेको थियो । त्यहीअनुसार नै २१ खेलाडीका लागि आईसीसीले पारिश्रमिक उपलब्ध गराएको हो ।

ए श्रेणीमा कप्तान ज्ञानेन्द्र मल्ल, पारस खड्का, शरद भेषवाकर, सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, करण केसी र विनोद भण्डारी छन् भने बी श्रेणीमा बसन्त रेग्मी, आरिफ शेख, अविनाश बोहरा, पवन सराफ, रोहितकुमार पौडेल, सन्दीप जोरा, ललितनारायण राजवंशी र सुशन भारी तथा सी श्रेणीमा रशिद खान, इशान पाण्डे, प्रदीप ऐरी, कुशल मल्ल, कुशल भुर्तेल र राजु रिजाल रहेका छन् ।

'ए' श्रेणीमा रहेका खेलाडीले एक वर्षको एकमुष्ट रु पाँच लाख ४० हजार, 'बी' श्रेणीका खेलाडीले रु चार लाख २० हजार तथा 'सी' श्रेणीका खेलाडीले रु तीन लाख पाएका छन् । यस्तै टेक्निकल एनालिष्ट रमन शिवाकोटीले पनि 'सी' श्रेणीका खेलाडीको बराबर पारिश्रमिक प्राप्त गर्नुभएको छ ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*